# राष्ट्रिय विकास समस्या समाधान समितिको
# ३० औं बैठकको प्रतिवेदन

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार
भदौ, २०७०

<u>**विषयसूची**</u>


| **विषय** | **पेज नं.** |
|---|---|
| १. राष्ट्रिय विकास समस्या समाधान समितिको तीसौं बैठकको संक्षिप्त प्रतिवेदन | १ |
| २. आर्थिक वर्ष ०६९/७० को संक्षिप्त वार्षिक प्रगति स्थिति | ७ |
| ३. राष्ट्रिय विकास समस्या समाधान समितिको उनानतीसौं बैठकको प्रगति स्थिति | ८ |
| ४ राष्ट्रिय विकास समस्या समाधान समितिको वैठकमा प्रस्तुत गर्न प्राप्त भएका समस्याहरु | ११ |
| ५. राष्ट्रिय गौरबका आयोजनाहरुको आर्थिक वर्ष ०६९/७० को वार्षिक प्रगति स्थिति | १४ |
| ६. मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC)को बैठकको विवरण | १८ |
| ७. विकास कार्यक्रम/आयोजनाहरूको वार्षिक प्रगति सारांश | १९ |
| ८. विभिन्न मन्त्रालय र निकाय अन्तर्गत सञ्चालित पहिलो प्राथमिकता प्राप्त विकास कार्यक्रम/आयोजनाहरूको वार्षिक प्रगति स्थितिको विवरण : | २० |
| १. कृषि विकास | २१ |
| २. सहकारी तथा गरिबी निवारण | ३० |
| ३. सिंचाइ मन्त्रालय | ३१ |
| ४. वन तथा भू–संरक्षण मन्त्रालय | ३३ |
| ५. भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ३९ |
| ६. शहरी विकास मन्त्रालय | ४४ |
| ७. सूचना तथा सञ्चार मन्त्रालय | ५० |
| ८. शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ५२ |
| ९. उद्योग मन्त्रालय | ५८ |
| १०. ऊर्जा मन्त्रालय | ६० |
| ११. संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय | ६६ |
| १२. वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६८ |
| १३. श्रम तथा रोजगार मन्त्रालय | ७० |
| १४. वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | ७३ |
| १५. अर्थ मन्त्रालय | ७६ |
| १६. शिक्षा मन्त्रालय | ७८ |
| १७. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ८३ |
| १८. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | ८८ |
| १९. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | ९२ |
| २०. युवा तथा खेलकूद मन्त्रालय | ९७ |
| २१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १०० |
| २२. गृह मन्त्रालय | १०२ |
| २३. राष्ट्रिय योजना आयोगको सचिवालय | १०३ |
| २४. संवैधानिक अंगहरु | १०७ |
| ८. निष्कर्ष | ११० |

# राष्ट्रिय विकास समस्या समाधान समितिको ३०औं बैठकको संक्षिप्त प्रतिवेदन

## १. बैठकको संक्षिप्त विवरण

मन्त्रिपरिषद्का सम्माननीय अध्यक्ष तथा राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष खिलराज रेग्मीज्यूको अध्यक्षतामा समितिको ३०औं बैठक यही २०७० भदौ १७ गते सम्पन्न भयो । यस बैठकमा गत आर्थिक बर्ष २०६९/०७० मा सञ्चालित पहिलो प्राथमिकता प्राप्त विकास कार्यक्रम/आयोजनाहरुको वार्षिक प्रगति स्थिति र कार्यान्वयनमा देखापरेका तथा मन्त्रालयस्तरबाट समाधान हुन नसकेका समस्याहरु प्रस्तुत गरी छलफल गर्ने कार्य भयो । उक्त बैठकमा मन्त्रालयस्तरबाट समाधान हुन नसकेका आयोजना/कार्यक्रमका समस्याहरु प्रस्तुत भई यथासमयमा कार्यान्वयन गर्ने निर्णय गर्नुका साथै सम्माननीय अध्यक्षज्यूबाट निम्न निर्देशनहरु समेत दिनुभएको थियो ।

**निर्देशनहरुः**

- नेपाल सरकारले सन् २०२२ भित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा रुपान्तरण गर्ने दीर्घकालिन सोच लिई तेह्रौं योजनाको आधारपत्र स्वीकृत गरेको छ । सरकारका सामु मुलुकलाई बिकासशील राष्ट्रमा रुपान्तरण गर्ने र बिकासका प्रतिफल प्रभावकारीरुपमा जनस्तरमा पुऱ्याउने चुनौती रहेका छन् । तसर्थ मुलुकको बिकासलाई द्रुत गतिदिई परिणाममुखी बनाउन बिकास कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन प्रक्रियालाई निर्धारित समय भित्र पूरा हुने गरी प्रभावकारी बनाउनु जरुरी छ ।

- समितिको आजको बैठकमा गरिएको प्रस्तुतिबाट कूल बजेटको ८५.९१ प्रतिशत खर्च भई पूँजीगत खर्चको प्रगति ८०.१३ प्रतिशत हुनुलाई संतोषजनक मान्न सकिन्छ । पहिलो प्राथमिकताका आयोजनाहरुतर्फ २८२ आयोजनाहरुमध्ये १९५ वटाको प्रगति ८० प्रतिशत भन्दा माथि भएकोले राम्रो पाईयो । तैपनि कार्यान्वयनको चरणमा बिगतमा देखिएका केही समस्याहरु अझै पनि समाधान हुन बांकी रहेको देखिएको छ ।

- समस्याहरुको निराकरण गर्न मन्त्रालयहरुले **मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति**लाई थप प्रभावकारी बनाई कार्यान्वयनमा आई परेका समस्याहरु समयमै समाधान गरी आयोजना तथा कार्यक्रमहरुलाई निर्धारित समय तथा लागतभित्रै सम्पन्न गर्नका लागि गंभीरतापूर्वक लाग्न मन्त्रालयहरुलाई निर्देशन दिन्छु । साथै, यी वैठकहरुमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयका जिम्मेवार अधिकृतहरुको अनिवार्य उपस्थिति हुने व्यवस्था गर्ने ।

- मन्त्रालयहरुले सुशासन प्रबर्द्धन हुनेगरी पारदर्शिता, जबाफदेहिता र सेवाप्रवाहलाई प्रभावकारी बनाउंदै जनतालाई प्रत्यक्ष लाभपुग्ने गरी आ-आफ्ना काम कारवाही संचालन गर्नु पनि त्यत्तिकै जरुरी छ ।

- सम्वन्धित मन्त्रालय तथा विभागहरुले बिकास आयोजनाको अनुगमन तथा सुपरीवेक्षण गरी तिनीहरुको कार्यान्वयन सुनिश्चित गर्न विशेष ध्यान दिनु जरुरी छ ।

- बर्तमान सरकारको प्रमुख दायित्व संबिधान सभाको निर्वाचन स्वतन्त्र र निष्पक्ष गर्नु रहेकोले बिकास कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्दा समेत निर्वाचनलाई सफल बनाउन सघाउ पुऱ्याउनेतर्फ बिशेष ध्यानदिन र चुनावलाई प्रतिकूल असर पर्ने कार्य नगर्न पनि सबैलाई निर्देशन दिन्छु ।

### बैठकबाट भएका निर्णयहरु

१. वर्डफ्लु रोग नियन्त्रण आदेश, २०६४ अनुसार हाल दिइदैं आएको क्षतिपूर्ती रकम अत्यन्त न्युन भएकाले वर्तमान बजार मूल्यको आधारमा क्षतिपूर्ती रकम समायोजन गर्नका लागि कृषि विकास मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधि रहेको अध्ययन कार्यदलबाट सुझाव लिई उक्त आदेश संशोधनका लागि कार्य अघि बढाउने ।

२. बर्ड फ्लू रोग नियन्त्रणको सर्न्दभमा संक्रमित पंक्षीहरुलाई नष्ट गरेपछि सुरक्षित तवरले व्यवस्थापन गर्नुपर्ने र यसको लागि छुट्टै Dumping Site हुनुपर्ने भएको सम्वन्धमा सोका लागि आवश्यक सहयोग गर्न स्थानीय निकायहरुलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन दिने ।

३. स्थानीय स्वायत्त शासन ऐन २०५५ सँग बाझिएका विभिन्न ऐनहरु संशोधन हुन नसक्दा र वर्तमान समस्या एवम् अवस्थालाई ऐनले सम्वोधन गर्न नसक्दा स्थानीय निकायका कर्मचारीहरुको सरुवा, लेखा परीक्षण, स्थानीय सेवा आदि कार्यान्वयनमा अवरोध सिर्जना भएको सम्वन्धमा ऐन संशोधनको गृहकार्य संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यथाशीघ्र प्रारम्भ गर्ने ।

४. २०७० साल आषाढ महिनामा आएको अविरल बर्षाका कारण महाकाली नदीमा आएको बाढीका कारण दार्चुला सदरमुकाम नदी कटानमा परी निर्माणाधीन अस्पताल भवन लगायतका पूर्वाधारहरु जोखिममा परेको सम्वन्धमा सम्वन्धित मन्त्रालयहरुले सिंचाइ मन्त्रालयसँग समन्वय गरी नदी कटान नियन्त्रणसम्बन्धी व्यवस्था मिलाई क्षति भएका पूर्वाधार निर्माण कार्य सम्पन्न गराउने ।

५. कतिपय स्वास्थ्य संस्थाका नाममा जग्गा दर्ता नभएका कारण स्थानीयस्तरबाट जग्गा उपलब्ध गराउँदा अपायक स्थान, नदी किनार, भूक्षय हुनसक्ने ठाउँमा मात्र जग्गा उपलब्ध हुने अवस्थाले स्वास्थ्य संस्थाहरुबाट दिईने सेवाहरु समेत प्रभावकारी नहुने अवस्था रहेकोले उपयुक्त स्थानमा आवश्यक जग्गा खरीद गर्न वार्षिक कार्यक्रममा समावेश गरी जग्गा खरीद गर्ने व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने ।

६. साझेदारी ऐन २०२०, नेपाल एजेन्सी ऐन २०१४, र भूमि सम्वन्धी ऐन २०२१ संशोधन हुनुपर्ने तथा शिक्षा ऐन आठौं संशोधन विधेयक उच्च शिक्षा छाता ऐन पारित हुन नसकेकाले सेवा प्रवाह तथा कार्यसम्पादनमा समस्या परेको हुंदा संशोधनको गृहकार्य सम्वन्धित मन्त्रालयले गर्ने ।

७. शान्तिका लागि विकास कार्यक्रम अन्तर्गत आ.व.०६९/७० मा सञ्चालित ८४२ क्रमागत आयोजनाहरुलाई समयमै सम्पन्न गर्न थप रु ४० करोड र मृतक र वेपत्ता पारिएका व्यक्तिका हकदारहरुलाई रु ३ लाखसम्म उपलब्ध गराइएकोमा नेपाल सरकार (मं.प.) को मिति निर्णयानुसार थप रु २ लाख उपलब्ध गराई रु ५ लाखसम्म पुऱ्याउन आवश्यक पर्ने रु २ अर्व ७३ करोड ३७ लाख चालु आ.व.मा निकासा आवश्यक पर्ने भन्ने सम्वन्धमा अर्थ मन्त्रालय र शान्ति तथा पुनःनिर्माण मन्त्रालयले छलफल गरी टुङ्गयाउने ।

८. मुक्त हलिया पुनःस्थापनको ढाँचा स्वीकृतिगर्न सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको तर हालसम्म सहमति प्राप्त नभएको हुँदा उक्त ढाँचा स्वीकृतिका लागि पहल हुनुपर्ने सम्वन्धमा यस्ता विषयहरु **मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति**का वैठकहरुमा अर्थ मन्त्रालयका प्रतिनिधिहरु समेत उपस्थित भई त्यहीबाट टुङ्गो लगाउनुपर्ने ।

९. भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गतका सेवाप्रवाह गरिने अधिकांश कार्यालयहरु भाडामा रहेका हुँदा प्रभावकारी सेवा प्रवाहमा कार्यालयको बिषयगत नमिल्ने, अभिलेख व्यवस्थापनमा कठिनाई उत्पन्न हुने र भौतिक पूर्वाधारको व्यवस्था गर्न समेत कठिनाई भएको सम्वन्धमा अर्थ मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयवीच छलफल गरी समयवद्धरुपमा समाधान गर्ने ।

१०. घोषित निर्वाचन समयमै सम्पन्न गर्न सबै मन्त्रालयहरुले आफ्ना स्थानीयस्तरका सवै कार्यालयहरुको दरवन्दी पदपूर्ति गर्ने, सवारी साधन लगायत अन्य निर्वाचनमा प्रयोग हुनसक्ने उपकरणहरुको मर्मत संभार गरी चालू हालतमा राख्ने । कर्मचारीहरुले आफ्नो कार्यक्षेत्रमा रही तोकिएको काम निर्धारित समयमै सम्पन्न गर्ने ।

११. जग्गा प्राप्ति ऐनमा संशोधन सम्वन्धमा "विकास निर्माण तथा सार्वजनिक पूर्वाधारमा पुनर्वास तथा पुनर्स्थापना सम्वन्धी नीति २०७०" को कार्यान्वयन भूमिसुधार तथा व्यवस्था मन्त्रालय र गृह मन्त्रालयले यथाशीघ्र ल्याउने ।

१२. कंचनपुर चितवन लगायत कतिपय जिल्लाहरुमा चुङ्गीकर समस्या अझै रहेको भन्ने जानकारी आएकाले यस विषयमा गृह र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ठोस पहल गरी समस्या समाधान गर्ने ।

१३. चुरे क्षेत्र लगायत विकासका भौतिक संरचनालाई ढुङ्गा गिट्टी वालुवा खानीले नकारात्मक प्रभाव पारेको भन्ने सम्वन्धमा यस सम्वन्धी पूर्व प्रतिवेदनलाई विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयले अन्य मन्त्रालयहरुको सहयोगमा परिमार्जन गरी स्वीकृतिका लागि पुनःप्रस्ताव पेश गर्ने ।

१४. आर्थिक अनुशासन कायम गर्न र बेरुजु न्यूनिकरण गर्न विकास निर्माण कार्यमा अग्रिमरुपमा दिइने परिचालन (Mobilization) रकमको विकल्प पूर्वाधारसँग सम्वद्ध मन्त्रालयहरुले प्रस्तुत गर्ने ।

१५. सञ्चालनका नरहेका सार्वजनिक संस्थानहरुमा परिरहेको अनावश्यक दायित्वलाई हटाउन अर्थ मन्त्रालय र सम्वन्धित मन्त्रालयले यथाशीघ्र व्यवस्था मिलाउने ।

१६. अमेरिकी डलरसँग नेपाली रुपैयाको विनिमय दरमा अनपेक्षितरुपमा भईरहेको वृद्धिका कारणले विकास आयोजना तथा कार्यक्रमहरुमा पर्ने असरका सम्वन्धमा अध्ययन गरी सोको नकारात्मक प्रभाव कम गर्न अपनाउन पर्ने उपायहरुका सम्वन्धमा नेपाल राष्ट्र बैङ्कका डेपुटी गभर्नर, राष्ट्रिय योजना आयोगको सचिवालय र अर्थ मन्त्रालयका सह सचिव सदस्य रहने एक कार्यदल अविलम्व गठन गरी सुझाव लिने । सो सम्वन्धमा माननीय अर्थ मन्त्रीको संयोजकत्वमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष र नेपाल राष्ट्र बैङ्कका गभर्नर सदस्य रहने उच्चस्तरीय समितिमा उक्त प्रतिवेदन पेश गरी छलफल गरी आवश्यक कदमहरु चाल्ने ।

१७."वातावरण संरक्षण ऐन, २०५३ र नियम २०५४ लागू हुनु अघि नै स्थापित र संचालित उद्योग तथा व्यवसायहरुका हकमा उक्त ऐन, नियमको प्रयोजन र प्रक्रिया पुरा गरी प्रारम्भिक वातावरणीय परीक्षण (IEE ) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सम्पन्न गरेपछि मात्र त्यस्ता उद्योग, व्यवसाय संचालन गर्न पाउने भन्ने विषय न्यायसंगत र व्यावहारिक नभएको भन्ने सम्बन्धित सरोकारवालाहरुको गुनासोलाई सम्बोधन गर्न प्रचलित कानूनको मर्म र भावनाको प्रतिकूल नहुने गरी वातावरण संरक्षणपूर्वक उद्योग संचालनका लागि के कस्तो बैकल्पिक व्यवस्था गर्न सकिन्छ भन्ने वारेमा अध्ययन गरी सिफारिश पेश गर्न उद्योग मन्त्रालयका सचिवको संयोजकत्वमा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयका सचिवहरु रहेको एक समिति गठन गर्ने र सो समितिले कार्य प्रारम्भ गरेको मितिले एक महिनाभित्र राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष समक्ष सिफारिस पेश गरी सोको आधारमा आवश्यक निर्णय प्रक्रिया अगाडि बढाउने ।

बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा.रवीन्द्र कुमार शाक्यले सहस्राव्दी विकास लक्ष्य तथा सोको हालसम्मको प्रगति स्थिति, त्रिवर्षीय योजना (२०६७/०६८-२०६९/०७०) को प्रगति र आ.ब. ०६९/७० मा सञ्चालित पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुको कार्यान्वयनको अवस्था र देखिएका प्रमुख समस्याहरुका बारेमा प्रकाश पार्नुभयो । साथै, गत आर्थिक वर्षका १७ वटा राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति स्थिति समेत प्रस्तुत गर्नु भएको थियो ।

**वैठकको छलफल सत्रमा, देहाय वमोजिमका विषयमा प्रतिक्रिया तथा सुझावहरु प्रस्तुत भएको थियोः**

विगत वैठकको निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका सचिव श्री कृष्णहरी वास्कोटाको संयोजकत्वमा वनेको प्रयोगशालामा रहेका हानिकारक रसायनबाट कर्मचारीहरुलाई पर्ने असर सम्बन्धि अध्ययन प्रतिवेदन कार्यदलले तयार गरेको प्रतिवेदनले समेटिएका मुख्य विवरणहरुका सम्वन्धमा छोटकरी प्रस्तुत गर्नुभएको थियो । उक्त प्रतिवेदन राष्ट्रिय योजना आयोगलाई वुझाइएको थियो ।

माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री छविराज पन्तले शहरी विकास मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेका २१ मध्ये १७ वटा कार्यक्रम तथा आयोजनाहरुको प्रगति ८० प्रतिशत भन्दा वढी भएको जानकारी गराउनु भयो ।

मेलम्ची खानेपानी आयोजनाका प्रमुखले मेलम्ची खानेपानी आयोजनाको भौतिक र वित्तीय प्रगति फरक देखिनुमा ठेकेदारले काम गर्न नसकि ठेक्का तोडी ग्लोवन टेण्डर गरिएको र नयाँ ठेक्का भइ नयाँ ठेकेदारले काम गर्ने भएको तर कार्य प्रारम्भ गर्न पेश्की नलगेकोले वित्तीय प्रगति नभएको जानकारी गराउनु भयो । त्यस्तै पुरानो ठेकेदारले राखेको बैंक ग्यारेण्टी कार्य गर्न नसकेको अवस्थामा आयोजनालाई उक्त ग्यारेण्टी वापतको रुपमा फिर्ता हुनुपर्नेमा सम्वन्धित बैङ्कबाट प्राप्त गर्न नसकिएको जानकारी गराउनु भयो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव श्री तुलसी सिटौलाले राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको उत्तर दक्षिण लोकमार्गको प्रगति सन्तोषजनक नरहेको तर्फ औंल्याउदै कालीगण्डकी कोरिडोर आयोजनाको कार्य सम्पादनमा राष्ट्रिय योजना आयोगले गरेको सहयोगको सहाहना गर्दै कर्णाली कोरिडोरमा समेत सहयोग गरिदिनुहुन अनुरोध गर्दै उक्त कोरिडोरको १५ किमी ट्र्याक खोल्ने काम अत्यन्तै कठीन भएकोले नेपाली सेनाको सहयोग हुन आवश्यक रहेको जानकारी गराउनु भयो ।

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री राम कुमार श्रेष्ठले राष्ट्रिय गौरवमा रहेका ३ आयोजनाको संक्षिप्त प्रगति स्थिति उल्लेख गर्नुभयो । जस अनुसार, भैरहवाको गौतमवुद्ध विमानस्थलको सहमतिको लागि एशियाली विकास वैङ्कमा पुगेको, पोखरा विमानस्थलको लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको पुरानो इस्टिमेट अनुसार १६० मिलियन ऋणको बारेमा छलफल भैरहेको र वाराको निजगढ विमानस्थलको लागि लगानी बोर्डमा पेश गरेको जानकारी गराउनु भयो । यसैगरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयको मृतक, वेपत्ता घाइते व्यक्तिहरुलाई १० लाख मध्ये ५ लाख नगद ५ लाख शेयर दिने सम्बन्धमा मौखिक सहमति भएकोले नपुग ५ लाख पुऱ्याउन यसै बैठकबाट अर्थमन्त्रालयलाई निर्देशन दिने निर्णय हुनपर्ने विचार व्यक्त गर्नुभयो ।

माननीय कृषि तथा सहकारी मन्त्री श्री टेक बहादुर थापा घर्तिले देशका केही भूभागमा वाढी तथा पहिरोले कृषि वालीमा क्षति पुऱ्याएको छ भने अर्को तर्फ तराईका केही जिल्लामा धान रोपाई ५७ प्रतिशत भन्दा वढी हुन नसकेको जानकारी गराउँदै विशेष राहत कार्यक्रम ल्याउन जरुरी भएको विचार व्यक्त गर्नुभयो । हालै भक्तपुरमा भएको बर्डफ्लुबाट मारिएका पंक्षीहरुलाई उचित विसर्जन गर्न Close Container को आवश्यक भएकोले यसतर्फ ध्यान आकृष्ट गराउनु भयो । त्यस्तै वन मन्त्रालयको हकमा वनमा हुने अत्यधिक अतिक्रमणलाई हटाउन सवै निकायले आवश्यक सहयोग गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

कृषि विकास मन्त्रालयका सचिव श्री जयमुकुन्द खनालले वर्डफ्लुको क्षतिपूर्ति दर बढाउन अर्थ र कृषि मन्त्रालयको संयुक्त कार्यदल गठन भै कार्य भैरहेको, हालसम्म १५ लाख कुखुरा नष्ट गरेको क्षतिपूर्तिको लागि १९ करोड भुक्तानी गर्नुपर्ने अवस्था रहेको र भक्तपुरमा दशै, तिहारको भाकलका लगि भनेर कुखुरा राखेको हुँदा नष्ट गर्न समस्या परिरहेको जानकारी गराउनु भयो ।

वन तथा भू संरक्षण मन्त्रालयका सचिव श्री डा.गणेशराज जोशीले वन अतिक्रमण हटाउने प्रयोजनको लागि बजेट न्यून भएको तथा अर्थ मन्त्रालय र गृह मन्त्रालयको सहयोगमा वन अतिक्रमण हटाउने कार्यक्रम बनाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

उद्योग मन्त्रालयका सचिव श्री कृष्ण ज्ञवालीले उद्योगहरु वातावरण संरक्षण ऐन २०५३ अनुसार उद्योगहरुको अनिवार्यरुपले IEE र EIA गर्नुपर्ने भएकोले उद्योग स्थापनामा वाधा परिरहेको जानकारी गराउँदै यस सम्वन्धमा वन, वातावरण र उद्योग मन्त्रालयको समन्वयमा कार्यदल गठन गरी कार्य गर्नुपर्ने भएको विचार व्यक्त गर्नुभयो ।

महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका सचिव श्री दिनेशहरी अधिकारीले जिल्लास्थित महिला तथा बालबालिका कार्यालयहरुमा दरबन्दी न्यून भएकाले थपिएको जिम्मेबारी बहन गर्न समस्या परिरहेको तथा महिला वालवालिका कार्यालयका भवनहरु नभएकोले कार्य सम्पादनमा वाधा परिरहेकोले भवन बनाउन बजेट व्यवस्थाको लागि अनुरोध गर्नुभयो ।

वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री जनार्दन नेपालले अमेरिकी मुद्राको विनिमय दरमा वृद्धि र कच्चा तेलको मुल्य बढेकोले पेट्रोलियम पदार्थको मुल्य बढ्ने अवस्था भएको जानकारी गराउनुभयो ।

सूचना तथा सञ्चार मन्त्रालयका सचिव श्री ध्रुव प्रसाद शर्माले सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत रहेका पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुको प्रगति बारेमा जानकारी गराउँदै वनेपा वर्दिवासमा अप्टिकल फाइवर विछ्याउने कार्य चालू वर्षमा सम्पन्न हुने जानकारी गराउनु भयो ।

सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव श्री लालमणि जोशीले गरिवीसँग सम्बन्धी सबै कार्य यसै मन्त्रालयबाट हुनु पर्ने, २५ जिल्लामा गरिवीको परिचयपत्र बनाउन घरपरिवार सर्वेक्षण सम्पन्न भयो भने बाँकी ५० जिल्लाको लागि बजेट आवश्यक भएकोमा प्राप्त नभएको तथा थप २० जिल्लामा सहकारी कार्यालय खोल्न बजेट आवश्यक रहेको जानकारी गराउनु भयो ।

माननीय सिंचाइ तथा उर्जा मन्त्री श्री उमाकान्त झाले सिंचाइ मन्त्रालयको प्रगति सम्वन्धमा उल्लेख भएको विवरण मिलाउनु पर्ने जानकारी गराउँदै राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेका रानीजमरा र सिक्टा सिंचाइ आयोजनाको प्रगति राम्रो भएको जानकारी गराउनु भयो । सूदूर पश्चिमका दार्चुला लगाएतका जिल्लाहरुमा भएका बाढी पहिरो र क्षतिपूर्तिको बारेमा सम्बोधन हुने गरी निर्णय हुनुपर्ने तथा पुर्वाञ्चलका सिराहा, सप्तरी र मध्यमाञ्चलको धनुषा, महोत्तरी लगायतका जिल्ला सुख्खा ग्रस्त जिल्ला भएकोले सोही अनुसार सम्बोधन हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

सिंचाइ मन्त्रालयका सचिव श्री प्रताप कुमार पाठकले मन्त्रालय अन्तर्गत रहेका २१ आयोजना मध्ये १९ आयोजनाको ८० प्रतिशतभन्दा बढी प्रगति भएको जानकारी गराउनु भयो ।

उर्जा मन्त्रायका सचिव श्री विश्वप्रकास पण्डितले राष्ट्रिय गौरवको आयोजना छनौट गर्दा त्यस आयोजनाको लागि बजेट आदिको व्यवस्थाको वारेमा समेत ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

माननीय स्वास्थ्य तथा जनसंख्या र संघीय मामीला तथा स्थानीय विकास मन्त्री श्री विद्याधर मल्लिकले अमेरिकी डलरको विनिमय दरमा भएको वृद्धिले अर्थतन्त्रमा असर परेकोले राष्ट्र बैंकको पहलमा एक कार्यदल वनाई कार्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । यस आर्थिक वर्षदेखि शुरु भएका नया कार्यक्रमहरु प्रभावकारीरुपले कार्यान्वयन गर्न विशेष सजगता अपनाउनु पर्ने तथा यही भदौ मसान्तभित्र नयाँ बजेट अनुसारको कार्यहरु शुरु गर्नुपर्ने तर्फ ध्यानाकर्षण गराउनुभयो । साथै, आसन्न संविधान सभाको चुनावको सन्दर्भमा भत्के विग्रेको बाटो घाटोको मर्मत सम्भार गर्न नेपाली सेनाको समेत सहयोग लिने वातावरण राष्ट्रिय योजना आयोगले बनाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

संघीय मामीला तथा स्थानीय विकास सचिव श्री शान्त बहादुर श्रेष्ठले सबै विग्रे भत्केका बाटो घाटो यही आउदो असोज मसान्त भित्र मर्मत सम्भार गर्न सबै स्थानीय निकायलाई निर्देशन भैसकेको जानकारी गराउनु भयो । त्यस्तै, २०५९ सालदेखीस्थानीय निकायको निर्वाचनको नभएको कारण स्थानीय निकाय संचालन गर्ने अप्ठेरो भएको हुँदा संयन्त्र निर्माण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव श्री ज्ञानदर्शन उदासले हलिया र मुक्त कमैयाको समस्या समाधानको लागि उनीहरुको प्रमाणीकरण गर्ने कार्य भैरहेको, १९ हजार हलिया मध्ये १० हजारको प्रमाणीकरण भएको, कति विदेश गएका छन थाहा नभएको र १० हजार हलियाको पुर्नस्थापनाको लागि पुनःस्थापनको ढाँचा स्वीकृतिगर्न सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको तर हालसम्म सहमति प्राप्त नभएको हुँदा उक्त ढाँचा स्वीकृति नभएको जानकारी गराउनु भयो ।

माननीय गृह र परराष्ट्रमन्त्री श्री माधव प्रसाद घिमिरेले आगामी निर्वाचन राजनीतिक स्थायित्वको लागि मात्र होइन यो विकासको लागि पनि हो भन्ने मनसायका साथ काम गर्नुपर्ने विचार राख्दै चुनावको प्रयोजनको लागि आ-आफ्ना कार्यालयका सवारी साधनलाई तयारी अवस्थामा राख्नु पर्ने, स्थानीय बाटोघाटो, एम्बुलेन्स तथा दमकल लगायतका अत्यावशकीय वस्तुलाई चालू हालतमा राख्नुपर्ने, मन्त्रालयको दरबन्दी रिक्त भएता पनि स्थानीयस्तरका कार्यालयहरुको दरबन्दी पूर्ण हुनुपर्ने र निर्वाचनसँग सम्बन्धित बजेट र निकासा सम्बन्धमा अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले प्राथमिकता दिनुपर्ने कुरामा जोड दिनुभयो । त्यस्तै दैवी प्रकोपका घटनाबाट हुने नोक्सानीलाई कम गर्न एक प्याकेज वनाई कार्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

गृह मन्त्रालयका सचिव श्री नवीन कुमार घिमिरेले सुरक्षा निकायले द्वन्द्वको बेला प्रयोग गरेका भवनहरु फिर्ता गर्नको लागि ती निकायहरुलाई अर्को व्यवस्था हुन नसकेकोले वाधा परिरहेको जानकारी गराउनु भयो । बर्डफ्लु रोग नियन्त्रणका लागि सुरक्षा निकायको सहयोग भैरहेको तथा वन क्षेत्रको अतिक्रमण रोक्न सम्वन्धित निकायको प्रयासलाई गृह मन्त्रालयले सदैव सहयोग गर्ने जानकारी गराउनु भयो । त्यस्तै, दार्चुला लगायतका स्थानमा भएको क्षति सम्बोधन गर्न र संविधान सभाको निर्वाचनलाइ मध्यनजर गर्दै बाटो, कल्भर्ट बनाउन दैवी प्रकोप उद्धार समिति तत्परताका साथ लागि रहेको जानकारी समेत गराउनु भयो ।

परराष्ट्र मन्त्रालयका सचिव श्री अर्जुन बहादुर थापाले गत बैठकको निर्णयमा परेको रासायनिक मल आयात गर्दा विरगंज नाका मात्र प्रयोग गर्नुपर्दा आर्थिक भार पर्न गई ढुवानीमा बाधा परिरहेको सन्दर्भमा भैरहवा र विराटनगर नाकाबाट समेत आयात गर्ने व्यवस्था हुनको लागि भारत सरकारलाई अनुरोध गरिएकोमा रासायनिक मल आयात गर्न भन्दा २१ दिन अगावै कुन नाकाबाट आयात गर्ने हो सोको एकिन गरी अनुरोध भई आएमा सो नाकाबाट सामान पठाईदिने जानकारी आए बमोजिम वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सोको जानकारी गराईसकिएको व्यहोरा अवगत गराउनु भयो ।

नेपाल राष्ट्र बैङ्कका गर्भनर डा. युवराज खतिवडाले वर्डफ्लुको कारण कुखुराको ऋणमा सहुलियत दिन बैंकहरुलाई अनुरोध गरिएको जानकारी गराउनु भयो । नेपाली मुद्राको विनिमय दर सम्वन्धमा गहन अध्ययन हनुपर्ने विचार राख्नुभयो । मेलम्ची खानेपानी आयोजनाको लागि ठेकेदारहरुले राखेका ग्यारेण्टी रकम आयोजनालाई दिने सन्दर्भमा बैंकहरुलाई भन्दा सकारात्मक नै छन तर केही अड्चन परिरहेको जानकारी गराउनु भयो । सार्वजनिक संस्थानहरुको घाटा रकम २ अर्ब भएको तर्फ औल्याउदै पेट्रोलियम पदार्थको मूल्य समायोजन हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

अर्थ मन्त्रालयका निमित्त सचिव श्री राजन खनालले बजेटमा समावेश नभएका कार्यक्रमहरुका सम्बन्धमा र शान्ति मन्त्रालयको राहत बजेट सम्बन्धमा छुट्टै छलफल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । हालै अमेरिकी डलरको विनिमयदरमा भएको वृद्धिले व्यापारीहरुले प्रतितपत्र खोल्ने कार्य करिव ११ प्रतिशतले कमी भएको जानकारी गराउनु भयो । विनिमयदरमा भइरहने परिवर्तन र पेट्रोलियम पदार्थको मूल्य निर्धारण सम्वन्धमा गहन अध्ययन तथा छलफल हुनुपर्ने कुरामा जोड दिनुभयो । वर्डफ्लु लगाएतका अन्य विपत्तीको लागि निश्चित रकमको कोष निर्माण भएमा रकम निकासा सम्वन्धमा छिटो छरितो हुने विचार व्यक्त गर्नुभयो । साथै अर्थ मन्त्रालय अन्तर्गत रहेको अर्थ (विविध) को प्रगति आउन नसक्नुमा गत आर्थिक वर्षमा धेरै वजेट अर्थ विविध भएको हुँदा कठीन भएको तर यस वर्षदेखि सोको समेत प्रगति आउने व्यवस्था गरिएको जानकारी गराउनु भयो ।

नेपाल सरकारका मुख्य सचिव श्री लिलामणी पौड्यालले चुंगीकरको समस्या कंचनपुर चितवन लगायत कतिपय जिल्लामा अझै समाधान भई नसकेको तथा चुरे क्षेत्र लगायत विकासका भौतिक संरचनालाई ढुङ्गा गिट्टी वालुवा खानीले नकारात्मक प्रभाव पारिरहेकोले यी समस्या समाधान सम्बन्धमा पुर्नबिचार गरी पुनः निर्णय हुनुपर्ने विचार राख्नुभयो । आर्थिक अनुशासन कायम गर्न र बेरुजु न्यूनिकरण गर्न विकास निर्माण कार्यमा अग्रिमरुपमा दिइने परिचालन (Mobilization) रकमको विकल्प खोजिनुपर्ने, बर्डफ्लुको डम्पिङ साइटको लागि Commercial र Non Commercial को लागि छुट्टाछुट्टै नीति आवश्यक पर्ने विचार व्यक्त गर्नुभयो । साथै उहाँले दुर्गम क्षेत्रका कर्मचारी धेरै अनुपस्थित रहने गरेको पाईकोले त्यस्ता कर्मचारीहरुलाई कडा कारवाही गर्ने निर्णय हुनुपर्ने तथा संस्थानमा भएका कर्मचारीहरुको दायित्व छिटो समाधान गर्नुपर्ने विचार राख्नुभयो । काठमाडौंको सडक विस्तारमा भएको सुस्तता र लोडसेडिङ न्यूनीकरणका लागि सम्बन्धित मन्त्रालयलाई उचित निर्देशन दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूले मन्त्रालयस्तरमा हुने समीक्षा वैठकहरु निर्धारित समयभित्रै हुनुपर्ने तथा प्रगति प्रगति प्रतिवेदनहरु पूर्णरुपले भरी निर्धारित समयमा उपलव्ध गराउन ध्यानाकर्षण गराउनुका साथै राष्ट्रिय योजना आयोग विकास निर्माणका कार्यक्रम तथा आयोजनाहरुलाई निर्धारि लक्ष्य प्राप्ति गर्न र निर्धारित समयमा सम्पन्न गराउन आवश्यक परेका सवै सहयोग गर्न सदैव तयार भएको जानकारी गराउनुभयो ।

सो वैठकमा मन्त्रिपरिषद्का सम्माननीय अध्यक्षज्यू लगायत माननीय मन्त्रीहरु, नेपाल राष्ट्र बैङ्कका गभर्नर, नेपाल सरकारका मुख्य सचिव लगायत सचिवहरु तथा अन्य उच्चस्तरीय पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# २. आर्थिक वर्ष ०६९/७० को संक्षिप्त वार्षिक प्रगति स्थिति

आ.व. २०६९/०७० मा सञ्चालित ४५१ आयोजनाहरुमध्ये २८२, १३८ र ३१ आयोजनाहरु क्रमशः पहिलो, दोस्रो र तेस्रो प्राथमिकतामा रहेका छन् ।




पहिलो प्राथमिकतामा रहेका २८२ आयोजनाहरुको प्रगति स्थिति देहाय वमोजिम रहेको छ ।

- ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाहरुको संख्या : १९५ (६९%)
- ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरुको संख्या : ४२ (१५%)
- ५० प्रतिशतभन्दा प्रगति भएका कम आयोजनाहरुको संख्या : १६ (६%)
- प्रगति प्रतिशत नखुलाइएका आयोजनाहरुको संख्या : ५ (२%)
- प्रगति विवरण प्राप्त नभएका आयोजनाहरुको संख्या : २४ (८%)

मन्त्रालयगत विस्तृत विवरण नं. ७ र ८ मा दिईएको छ ।

(रकम रु.करोडमा)

| विवरण | चालू | पूंजीगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|
| कुल वजेट | २७९०१ | ६६१३ | ५९६८ | ४०४८२ |
| वार्षिक खर्च | २४१३५ | ५२९९ | ५३४३ | ३४७७७ |
| वजेटका तुलनामा खर्च प्रतिशत | ८६.५० | ८०.१३ | ८९.५३ | ८५.९१ |

राष्ट्रिय गौरब प्राप्त रहेका १७ आयोजनाहरुको प्रगति स्थिति देहाय वमोजिम रहेको छ ।

- ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाहरुको संख्या :- ८
- ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरुको संख्या :- ४
- ५० प्रतिशतभन्दा प्रगति भएका कम आयोजनाहरुको संख्या :- १
- प्रगति प्रतिशत नखुलाइएका आयोजनाहरुको संख्या :- ४

आयोजनागत विवरण नं. ५ पेज १४ मा दिईएको छ ।

## ३. राष्ट्रिय विकास समस्या समाधान समितिको २९ औं बैठकबाट भएका निर्णयहरुको प्रगति स्थिति

| सि.नं. | निर्णय | प्रगति स्थिति |
|---|---|---|
| १. | विशेष कृषि उत्पादन कार्यक्रम अन्तर्गत कृषि सामग्री कम्पनी लिमिटेडलाई वीरगञ्ज नाकाबाट मात्र रासायनिक मल पैठारी गर्न पाउने प्रावधान अनुसार आर्थिक व्ययभारमा बृद्धि भएकोले वीरगञ्ज बाहेक विराटनगर र भैरहवा नाकाबाट समेत मल आयात गर्नका लागि अन्य मन्त्रालयको सहयोग लिई वाणिज्य तथा आपूर्ति मन्त्रालयले भारत सरकारसँग कुटनीतिक पहल गर्ने । | परराष्ट्र मन्त्रालयमार्फत अनुरोध भएको र महावाणिज्य दूतबाट समेत प्रक्रिया अगाडि वढेको । |
| २. | कृषि उपज तथा सोको बजारीकरणका क्रममा प्रयोग हुने क्रेट आदि जस्ता वस्तुमा राजमार्गहरुमा ढुवानी, निकासी तथा कवाडी करका रुपमा स्थानीय निकायबाट कर असुली गर्ने गरिएको विषयमा सम्मानित अदालतबाट समेत चुङ्गीकर लिन नपाउने गरी निर्णय भएकोले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सबै स्थानीय निकाय (जिविस, नगरपालिका र गाविस) हरुलाई ७ दिनभित्रै सो कर लिने कार्य वन्द गर्न आवश्यक निर्देशन दिने । यस्तो निर्णयको कार्यान्वयन भए नभएको अनुगमन जिल्ला प्रशासन कार्यालयले गर्ने । | निर्णय कार्यान्वयनका लागि अनुरोध भए पश्चात् कृषि तथा सहकारी मन्त्रालयमा यस विषयमा गुनासो नआएको । |
| ३. | पशु आहारा उत्पादन विकास समिति विघटनको निर्णय गर्दा सरकारबाट व्यहोर्नु पर्ने आवश्यक आर्थिक दायित्व रु. २.५ करोड रकम जुटाउन नसकिएकाले उक्त समस्या अझ वढ्दै गई समस्या झन जटिल हुंदै गएकोले अर्थ मन्त्रालय र कृषि मन्त्रालयले छलफल गरी यसै आ.ब. भित्रमा सोको टुंगो लगाउने । | रु. २ करोड ५० लाख रकम अर्थ मन्त्रालयबाट निकासा भई उक्त रकम दुग्ध विकास संस्थानलाई उपलब्ध गराइएको । |
| ४. | सिमरा विशेष आर्थिक क्षेत्र (SEZ) को जग्गा ब्लकमा बाँडिएकोमा ब्लक A को गुरुयोजना तयार भै २७०० मीटर सीमा पर्खाल लगाइएको, बाँकी ५०० मीटर पर्खाल लगाउने स्थानमा ३६ घर टहरा बनाई सुकुम्वासीका नाममा अतिक्रमण भएकाले उद्योग मन्त्रालयले गृह मन्त्रालयको सहयोगमा अतिक्रमण तुरुन्त हटाउने । | कार्यान्वयनको प्रक्रिया अगाडि बढेको । |

| सि.नं. | निर्णय | प्रगति स्थिति |
|---|---|---|
| ५. | सुरक्षा निकायवाट कृषि विकास मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय लगायतका सरकारी भवन प्रयोग गरिएकोमा हालसम्म पनि ती पूर्वाधार फिर्ता नहुनाले कार्य संचालनमा वाधा परेको । त्यसैगरी विगतको द्वन्दको समयमा विभिन्न सरकारी कार्यालयको भौतिक संरचनामा पुगेको क्षतिले गर्दा कार्यक्रम सञ्चालनमा कठिनाइको अवस्था रहेकोले मर्मत संभार एवम् पुनःनिर्माण कार्यलाई प्राथमिकतामा राखी सम्पन्न गर्न कृषि विकास मन्त्रालय तथा वन तथा भू-संरक्षण मन्त्रालयले गृह, रक्षा र अर्थ मन्त्रालयसँग समन्वय गरी २०७० जेठ महिनाभित्रै कार्ययोजना बनाई क्रमशः कार्यान्वयन गर्ने । | सम्वन्धित मन्त्रालय र सुरक्षा निकायहरुबीच यसका लागि पत्राचार भैरहेको वुझिए पनि यस सम्वन्धमा खासै प्रगति हुन नसकेको । |
| ६. | वन क्षेत्रभित्र वा उक्त क्षेत्र भई संचालन हुने पूर्वाधार विकास (सडक, जलविद्युत, नहर, खनिज पदार्थको अन्वेषण कार्य, उद्योग आदि) निर्माण गर्नुपूर्व गरिने संभाव्यता अध्ययन र डिजाइन चरणमा वन तथा भू-संरक्षण मन्त्रालयलाई संलग्न नगराईने तर प्रस्तावित आयोजनाको निर्माण चरणमा आएर मात्र वन क्षेत्रको सहमति प्राप्त गर्ने परीपाटीले ४० प्रतिशत वन क्षेत्र कायम गर्ने राष्ट्रिय उद्देश्य हासिल गर्न कठिनाई भएकोले यस सम्बन्धमा आयोजनाहरुको संभाव्यता अध्ययन चरणदेखि नै वन तथा भू संरक्षण मन्त्रालयसँग समन्वय गर्न राष्ट्रिय योजना आयोगले सबै मन्त्रालयलाई एक हप्ताभित्र जानकारी गराउने । | सवै मन्त्रालयहरुमा परिपत्र भएको । |
| ७. | विकास आयोजनाहरु सञ्चालनका लागि आवश्यक पर्ने विष्फोटक पदार्थ सहज रुपमा उपलब्ध गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवको संयोजकत्वमा रक्षा र गृह मन्त्रालयका सह सचिव सदस्य रहने एक कार्यदल गठन गरी २०७० असार मसान्तभित्रै सुझाव लिई कार्यान्वयन गर्ने । | कार्यदल गठन भई प्रारम्भिक कार्य भैरहेको । |
| ८. | विकास आयोजना कार्यान्वयनमा जग्गा अधिग्रहण र मुआब्जा वितरणसम्वन्धी समस्या समाधान गर्न राष्ट्रिय योजना आयोगका सदस्य-सचिवको संयोजकत्वमा गठित कार्यदलले दिएको भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा रहेको प्रतिवेदन र नेपाल कानुन आयोगमा रहेको यसैसम्वन्धी कानुनको मस्यौदा समेत हेरी जग्गा प्राप्ति ऐनमा सुधार प्रक्रिया | कार्यदलले राष्ट्रिय योजना आयोगका सदस्य-सचिवको संयोजकत्वमा गठित कार्यदलसँग समन्वय गरी कार्य गरिरहेको र विकास निर्माण तथा सार्वजनिक पूर्वाधारमा पूनर्वास तथा पुनस्थापनासम्वन्धी नीति २०७० को प्रतिवेदन कार्यान्वयनको विषयमा भूमिसुधार मन्त्रालय नेतृत्वदायी मन्त्रालय (Lead Ministry) नभएकोले |

| सि.नं. | निर्णय | प्रगति स्थिति |
| --- | --- | --- |
| | भूमिसुधार तथा व्यवस्था मन्त्रालयले यथाशीघ्र अघि वढाउने । साथै, सम्माननीय अध्यक्षज्यू समक्ष पेश भएको "विकास निर्माण तथा सार्वजनिक पूर्वाधारमा पुनर्वास तथा पुनर्स्थापनासम्बन्धी नीति २०७०" को प्रतिवेदन भूमिसुधार तथा व्यवस्था मन्त्रालयले कार्यान्वयनका लागि अघि वढाउने । | उक्त नीति सम्बन्धित निकायबाट कार्यान्वयन हुन राष्ट्रिय योजना आयोगमा अनुरोध गरेको । |
| ९. | गिट्टी, ढुङ्गा, वालुवाको अनियन्त्रित उत्खनन् र प्रयोगले चुरे क्षेत्र तथा पर्यावरणमा प्रतिकुल असर परिरहेकोले यसको उचित व्यवस्थापनको लागि वन तथा भू संरक्षण मन्त्रालयले उद्योग मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय र विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको सहयोगमा नीतिगत व्यवस्था २०७० असार मसान्तभित्रै गर्ने । कुनै चट्टान खोदाइ (Mining) को संभाव्यता समेत हेरी विकास निर्माणका लागि चाहिने ढुङ्गा, गिट्टी, वालुवाको आपूर्तिको सुनिश्चितता गर्ने तर यसो गर्दा चुरे क्षेत्रको संरक्षणमा विशेष ध्यान पुऱ्याउने । | प्रत्येक जिल्लाको आफ्नो जिल्ला भित्र रहेका प्राकृतिक श्रोत र साधनको आंकलन गरी कुन क्षेत्रबाट कति हदसम्म संकलन, दोहन वा उत्खनन् गर्न सकिन्छ सो विवरण सार्वजनिक रुपमा प्रकाशन गरी त्यसैको आधारमा IEE/EIA गरेपछि मात्र ठेक्का वन्दोवस्त लगाउने व्यवस्था मिलाउने गरी २०७०/३/१९ को नेपाल सरकार (मं.प.) को बैठकबाट गिट्टी, ढुङ्गा, वालुवा नियमन गर्न प्रतिवेदन स्वीकृत भएको । |

## ४. राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रस्तुत गर्न प्राप्त भएका समस्याहरु

### १. कृषि विकास मन्त्रालय

क) वर्डफ्लु रोग नियन्त्रण आदेश, २०६४ (संशोधन सहित) मा उल्लेख भए अनुसार हाल चालु अवस्थामा दिइदैं आएको क्षतिपूर्ती रकम (६ हप्ता माथिको कुखुराको रु. १३० प्रति गोटा ६ हप्ता भन्दा सानो चल्लाको रु ५०, पेरेन्ट स्टक ब्रोइलरको रु. २५० प्रति गोटा, पेरेन्ट स्टक लेयर्सको रु. ५०० प्रति गोटा र मासु प्रति के.जी.रु.१००, अण्डा प्रति गोटा रु. ३ र दाना प्रति के.जी. रु. १०) अत्यन्त न्यून भएकाले वर्तमान बजार मूल्यका आधारमा ७५ देखि ८० प्रतिशतसम्म क्षतिपूर्ती रकमको माग कुखुरा व्यवसायीबाट भइआएकाले क्षतिपूर्ति रकममा पुनःविचार गरिनु पर्ने अवस्था श्रृजना भएको । यसोगर्दा ठूलो रकम क्षतिपूर्तिमा खर्च हुने भएकोले राविससको बैठकबाट सैद्धान्तिक स्वीकृती प्राप्त गरी कृषि विकास मन्त्रालय र अर्थ मन्त्रालयको संयुक्त अध्ययन कार्यदल बनाई सोको सुझाव अनुसार अर्को राविससको बैठकबाट अन्तिम निर्णय हुनुपर्ने ।

ख) बर्ड फ्लू रोग नियन्त्रणको सर्न्दभमा संक्रमित पंक्षीहरुलाई नष्ट गरेपछि सुरक्षित तवरले व्यवस्थापन गर्नुपर्ने र यसका लागि छुट्टै Dumping Site हुनुपर्ने भएकोले यस्तो अवस्थामा पशुसेवा विभाग वा पशु सेवा कार्यालयहरुबाट सम्बन्धित स्थानीय निकायमा अनुरोध भइ गएको खण्डमा स्थानीय निकायहरुबाट संक्रमित पंक्षी नष्ट गर्न Dumping Site उपलब्ध गराउने व्यवस्थाको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई आवश्यक निर्देशन हुनुपर्ने । साथै, संक्रमित पंक्षीहरुलाई मारेपछि सुरक्षित तवरले नष्ट गर्ने लगायतका व्यवस्थापकीय कार्य गर्न आवश्यक पर्ने Closed Container को व्यवस्थाका लागि समेत प्रत्येक महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका लगायतका स्थानीय निकायहरुमा कम्तीमा एउटा Closed Container को व्यवस्था मिलाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देशन हुनुपर्ने ।

### २. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

क) २०५९ सालदेखि स्थानीय निकाय निर्वाचित जनप्रतिनिधि विहिन भएकोले स्थानीय स्वायत्त शासनको अभ्यासमा वाधा परेको र स्थानीयस्तरमा योजनाको पहिचान, तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन एवम् सेवा प्रवाह प्रभावकारी हुन नसकेको ।

ख) स्थानीय स्वायत्त शासन ऐन २०५५ सँग बाझिएका विभिन्न ऐनहरु संशोधन हुन नसक्दा र वर्तमान समस्या एवम् अवस्थालाई ऐनले सम्वोधन गर्न नसक्दा स्थानीय निकायका कर्मचारीहरुको सरुवा, लेखा परीक्षण, स्थानीय सेवा आदि कार्यान्वयनमा अवरोध सिर्जना भएको ।

ग) अधिकांश नगरपालिकाहरुसँग ल्याण्डफिल साइट नभएको हुँदा फोहोरमैला व्यवस्थापनमा कठिनाई भएको ।

### ३. सिंचाइ मन्त्रालय

क) ठूला आयोजनाका लागि आवश्यक जग्गा प्राप्तिमा कठिनाइ तथा ढिलाई हुन गई आयोजना सञ्चालनमा बाधा हुनगएको ।

ख) भौगोलिक विकटता तथा योजना संख्या अनुसार जनशक्ति अभाव हुँदा कार्यान्वयनमा प्रभावकारिता हुन नसकेको ।

ग) योजनाको संख्या तथा आवश्यकताको तुलनामा विनियोजित बजेट न्यून हुँदा समयमै योजना सम्पन्न गरी प्रतिफल प्राप्त गर्न कठिनाइ भएको ।

घ) जल उत्पन्न प्रकोप प्रभावित समुदायको मागका आधारमा विनियोजित बजेट यथोचित नभएको ।

ङ) भारत सरकारबाट नदी नियन्त्रण योजनाका लागि प्राप्त हुने अनुदान सहयोग समयमै प्राप्त नहुने गरेको ।

## ४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**क) स्वास्थ्य संस्था भवन निर्माणमा आएको समस्या सम्बन्धमा:** हाल सञ्चलानमा रहेका स्वास्थ्य संस्था भवन निर्माण आयोजना मध्ये २०७० आषाढ महिनामा भएको अविरल बर्षाका कारण महाकाली नदीमा आएको बाढीका कारण दार्चुला सदरमुकाम नदी कटानमा परी निर्माणाधिन अस्पताल भवन समेत जोखिममा परेकोले सोही स्थानमा निर्माण कार्यलाई निरन्तरता दिन महाकाली नदीबाट हुने कटान रोक्न तटबन्ध गर्नुपर्ने स्थिति रहेको । यस कार्यका लागि अस्पताल निर्माण बजेटबाट सम्भव नहुने भवन विभागबाट प्राप्त समस्यामा उल्लेख भई आएकोले सो आयोजना स्थल नै परिवर्तन गर्ने वा के गर्ने भन्ने सम्बन्धमा आवश्यक निर्णय हुनुपर्ने ।

**ख) स्वास्थ्य संस्थाको नाममा जग्गा दर्ता सम्बन्धमा:** कतिपय स्वास्थ्य संस्थाका नाममा जग्गा दर्ता नभएका कारण स्थानीय स्तरबाट जग्गा उपलब्ध गराउँदा अपायक स्थान, नदी किनार, भूक्षय हुनसक्ने ठाउँमा मात्र जग्गा उपलब्ध हुने अवस्थाले स्वास्थ्य संस्थाहरुबाट दिईने सेवाहरु समेत प्रभावकारी नहुने भएकाले स्थानीय स्तरबाट उपयुक्त जग्गा उपलब्ध नभएको अवस्थामा उपयुक्त स्थानमा आवश्यक जग्गा खरीद गर्न र स्वास्थ्य संस्थाको भोगचलन गरेको जग्गा सम्बन्धित संस्थाका नाममा दर्ता गर्ने व्यबस्था हुनुपर्ने ।

**ग) भवन निर्माण अनुगमन सम्बन्धमा:** हाल निर्माण भइरहेको भवन निर्माण कार्यहरुको अनुगमन कार्य प्रभावकारी हुन नसक्दा भवनको गुणस्तर सम्बन्धमा विभिन्न गुनासोहरु आउने गरेको सम्बन्धमा निर्माण कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाउन बार्षिक अनुगमन योजना तयार गरी संयुक्त संयन्त्रबाट अनुगमन गर्ने व्यवस्था हुनुपर्ने ।

## ५. शिक्षा मन्त्रालय

क) शिक्षा ऐन आठौं संशोधन विधेयक पारित हुनुपर्ने ।
ख) उच्च शिक्षा छात्रा ऐन पारित हुनुपर्ने ।
ग) शिक्षा मन्त्रालयको पुन:संरचनाको आवश्यकता रहेकोले O& M सर्वे गर्ने व्यवस्था हुनुपर्ने ।

## ६. श्रम तथा रोजगार मन्त्रालय

क) सामाजिक सुरक्षा योजनालाई व्यवस्थित गर्न योगदानकर्ताहरुको विद्युतीय परिचयपत्र नम्वर गृह मन्त्रालय र निर्वाचन आयोगबाट जारी हुने परिचयसँग समन्वय गरी एकीकृत परिचयपत्र अभिलेख व्यवस्था गर्ने ।

## ७. शान्ति तथा पुन:निर्माण मन्त्रालय

क) आ.व.०६९/७० मा यस मन्त्रालय अन्तर्गत सञ्चालित ८९४ आयोजनाहरुमध्ये ५२ वटा सम्पन्न भई बाँकी ८४२ आयोजनाहरु क्रमागत रहेकोमा उक्त क्रमागत आयोजनाहरुलाई समयमै सम्पन्न गर्न थप रु ४० करोड आवश्यक पर्ने भएकोले सो रकम अर्थ मन्त्रालयबाट यसै आ.व.मा निकासा हुनुपर्ने ।
ख) मृतक र वेपत्ता पारिएका व्यक्तिका हकदारहरुलाई रु ३ लाखसम्म उपलब्ध गराइएकोमा नेपाल सरकार ( मन्त्रिपरिषद्) को मिति २०६९/११/४ को निर्णयानुसार थप रु २ लाख उपलब्ध गराई रु ५ लाखसम्म पुऱ्याउन आवश्यक पर्ने रु २ अर्व ७३ करोड ३७ लाख चालू आ.व.मा निकासा हुनुपर्ने ।

## ८. भुमिसुधार तथा व्यवस्था मन्त्रालय

क) मुक्त हलिया पुन:स्थापनाको ढाँचा स्वीकृति गर्न सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको तर हालसम्म सहमति प्राप्त नभएको हुँदा उक्त ढाँचा स्वीकृतिका लागि पहल हुनुपर्ने ।
ख) मोही र जग्गाधनिवीच जग्गा बाँडफाँड गर्न कानूनत समस्या परेकाले भूमिसम्बन्धी ऐन २०२१ (संशोधन अध्यादेश) स्वीकृतिका लागि आवश्यक पहल हुनुपर्ने ।
ग) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गतका सेवाप्रवाह गरिने अधिकांश कार्यालयहरु भाडामा रहेका हुँदा प्रभावकारी सेवा प्रवाहमा कार्यालयको वनावट (layout) नमिल्ने, अभिलेख व्यवस्थापनमा कठिनाई उत्पन्न हुने र भौतिक पूर्वाधारको व्यवस्था गर्न समेत कठिनाई भएको हुँदा आगामी ५ वर्ष भित्रमा सबै मातहतका

कार्यालयहरुले आफ्नै सरकारी भवनबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन अत्यावश्यक भएकाले सो कार्यलाई प्राथमिकतामा राखी बजेट व्यवस्था गर्नेतर्फ पहल हुनुपर्ने ।

## ९. वाणिज्य तथा आपूर्ति मन्त्रालय

क) साझेदारी ऐन २०२०, नेपाल एजेन्सी ऐन २०१४ लाई समयानुकुल बनाउन आवश्यक भएकोले संशोधन गर्नुपर्ने ।

ख) नेपाल व्यापार एकीकृत रणनीति (NTIS), २०१० को पुनरावलोकन गरी निर्यात वृद्धि गर्न तुलनात्मक र प्रतिस्पर्धी लाभ भएका थप वस्तुहरुको पहिचान गर्ने र NTIS कार्यान्वयनमा अन्तर मन्त्रालय समन्वय प्रभावकारी बनाउनु पर्ने ।

ग) वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट हुने वस्तु र सेवाको बजार अनुगमनको प्रभावकारिता र गुणात्मकता बढाउन अन्तर निकाय समन्वय र सहकार्यलाई  वढाउनु पर्ने ।

घ) खाद्यान्न र नूनमा दिँदै आएको ढुवानी अनुदान घटाउन दुर्गम जिल्लाको पुनरावलोकन गर्नुपर्ने  ।

ङ) पेट्रोलियम पदार्थको मूल्य प्रचलित बजार मूल्यसँग स्वचालित रुपमा समायोजन हुने (Auto Pricing) संयन्त्र स्थापना हुनु पर्ने ।

## १०. युवा तथा खेलकुद मन्त्रालय

क) युवा परिचालन तथा राष्ट्रिय युवा विकास समेतका युवासम्बन्धी कार्यका लागि नेपाल सरकारको जिम्मेवार निकायका रुपमा युवा तथा खेलकुद मन्त्रालय रहेको छ । युवाका क्षेत्रमा प्रमुख समस्याका रुपमा रहेको युवा रोजगारी, स्वरोजगारीको विषय पनि मन्त्रालयको महत्वपूर्ण कार्य अन्तरगत पर्दछ । यस परिप्रेक्ष्यमा युवा तथा साना व्यवसायी स्वरोजगार कोषको संचालन युवा तथा खेलकुद मन्त्रालय मातहत गर्ने व्यवस्था भएमा अझ प्रभावकारी हुने तथा युवा संघसंस्थाहरुबाट पनि पटक पटक यस्तो माग आउने गरेको सन्दर्भमा त्यसलाई पनि संवोधन गर्न सकिने भएको ।

## ११. वन तथा भू संरक्षण मन्त्रालय

क) नेपाल सरकारबाट २०६८।१०।२० मा स्वीकृत भएको वन अतिक्रमण नियन्त्रण रणनीति २०६८ कार्यान्वयनमा वन क्षेत्रको एकल प्रयासले मात्र उत्साहजनक प्रगती हासिल गर्न कठिनाई महसुश भएकाले गृह मन्त्रालय, अर्थ मन्त्रालय तथा संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयबाट सहयोग हुन अपेक्षा गरिएको ।

ख) बिभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट पुर्व स्वीकृती नलिई वन क्षेत्र भित्र भौतिक पुर्वाधार (स्थायी/अस्थायी) निर्माण शुरु गरेपछि मात्र वन क्षेत्र प्रयोग गर्न भोगाधिकार माग हुनेगरेको । साथै अधिकांश वन क्षेत्र जैबिक बिबिधताका दृष्टिले स्थान बिशेष अनुसार महत्वपूर्ण एवं सम्वेदनशील रहने र  विकास निर्माणका बिभिन्न कार्यहरुले वनक्षेत्र छिन्न भिन्न (Fragmentation) हुने अवस्थाहरु श्रृजित भई अतिक्रमणलाई बढावा पुग्नुका साथै महत्वपूर्ण जैविक बिबिधतामा ह्रास पुग्ने । तसर्थ वन क्षेत्र प्रभावित हुने कुनै पनि कार्य शुरु गर्नु अगाडि सम्बन्धित निकायले वन तथा भू संरक्षण मन्त्रालयको पूर्व स्वीकृती लिने ब्यवस्था हुनुपर्ने ।

ग) वन क्षेत्रको जग्गा प्रयोग गरे वापत उर्जा बिकास एवं भौतिक पूर्वाधार बिकाससंग सम्बन्धित आयोजना प्रस्तावकहरुले तोकिएको शर्त र वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनको वातावरणीय व्यवस्थापन योजनामा औल्याइएका अल्पीकरणका उपायहरु (Mitigation measures) सम्बन्धित जलाधार क्षेत्रमा लगानी हुने सुनिश्चतता हुनुपर्ने ।

घ) राष्ट्रिय बिकास समस्या समाधान समितीको २९ औं बैठकको निर्णय नं. ६ कार्यान्वयनमा शीघ्रता ल्याइनुपर्ने र २८ औं वैठकको निर्णय बुँदा नं. ४ अनुसार जि.वि.स. वाट वन क्षेत्र भित्र स्थानीय सडक, सिंचाइ तथा निर्माण हुँदा वन जंगलको हानी नोक्सानी एवं अतिक्रमण हुन नदिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट यस्ता निर्माण कार्यलाई व्यवस्थित गर्न कार्यविधि तयार एवं कार्यान्वयनमा शिघ्रता ल्याइनु पर्ने ।

## ५. राष्ट्रिय गौरब प्राप्त आयोजनाहरुको आर्थिक वर्ष ०६९/७० को वार्षिक प्रगति स्थिति

- आयोजना/कार्यक्रमको जम्मा संख्या :- १७
- सो मध्ये प्रगति विवरण प्राप्त आयोजना/कार्यक्रमहरू :- १७
- ८० प्रतिशत वा सोभन्दा माथि प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरू :- ८
- ५० प्रतिशतदेखि ७९.९९ प्रतिशतसम्म प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरू :- ४
- ५० प्रतिशतभन्दा कम प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरू :- १
- प्रगति नखुलेका आयोजना/कार्यक्रमहरू :- ४

| क्र.सं. | मन्त्रालय | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति % | | यस अवधिमा हासिल भएको मुख्य-मुख्य उपलब्धिहरू | कार्यान्वयनमा देखिएका समस्याहरू | समस्या समाधानार्थ भएका प्रयासहरू |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | | | |
| १ | भौतिक पूर्वाधार तथा यातायात | काठमाडौ तराई मधेस द्रुतमार्ग | १०० | १०० | ८१ कि.मी. ट्र्याक खुलेको BOOT प्रक्रियामा जान RFP भैरहेको | खोकना क्षेत्रमा EIA मा अवरोध भएको । | स्थानीय सरोकारवालाहरुसँग वार्ता भैरहेको |
| २ | भौतिक पूर्वाधार तथा यातायात | मध्य पहाडी लोकमार्ग | १०० | ९७.५६ | ३५ कि.मी. ट्र्याक निर्माण, २८ कि.मी. ग्रावेल तथा ०.५ कि.मी. कालोपत्रे | बजेटको अपर्याप्तता<br>वन क्षेत्रभित्रका कार्यमा ढिलाई | वन क्षेत्रको जग्गा प्राप्तिमा सरलीकृत हुनुपर्ने |
| ३ | भौतिक पूर्वाधार तथा यातायात | पूर्व पश्चिम रेल मार्ग | ९५ | ८४.६५ | विराटनगर जोगवनीको ६५ हेक्टर र जयनगर वर्दिवासको ७० हेक्टर जग्गा अधिग्रहण भई निर्माण कार्य शुरु | निकुञ्ज क्षेत्रमा Alignment को समस्या<br>बजेटको अभाव र<br>जग्गा मूल्याङ्कनमा समस्या | छिटो पद्धतिबाट EIA र जग्गा प्राप्ती हुनुपर्ने |
| ४ | भौतिक पूर्वाधार तथा यातायात | हुलाकी मार्ग | ८०.०७ | ८६.१ | वेस कार्य जारी र निर्माणाधिन ६६ वटा पुल मध्ये १९ वटा पुल सम्पन्न । | जग्गा प्राप्ति र मुआब्जा वितरणमा कठिनाई तथा<br>बजेटको अभाव, | बजेटका लागि माग भैरहेको । |
| ५ | भौतिक पूर्वाधार तथा यातायात | उत्तर दक्षिण कोशी लोकमार्ग | ७२.८६ | ४८.९७ | ६ कि.मी. ट्र्याक निर्माण तथा ९.९६ कि.मि.ग्रावेल कार्य सम्पन्न | बजेट समयमा उपलब्ध नभएको | बजेटको माग भैरहेको । |
| ६ | भौतिक पूर्वाधार तथा यातायात | उत्तर दक्षिण गण्डकी लोकमार्ग | | | ५ कि.मी. ट्र्याक निर्माण सम्पन्न | | |
| ७ | भौतिक पूर्वाधार तथा यातायात | उत्तर दक्षिण कर्णाली लोकमार्ग | | | ६ कि.मी. ट्र्याक निर्माण सम्पन्न | | |
| ८ | शहरी विकास | मेलम्ची खानेपानी आयोजना | ९९ | १६.२ | डाईभर्सन टनेल र पानी प्रशोधनको ठेक्कापट्टा सम्पन्न भएको | | |

| क.सं. | मन्त्रालय | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति % | | यस अवधिमा हासिल भएको मुख्य-मुख्य उपलब्धिहरू | कार्यान्वयनमा देखिएका समस्याहरू | समस्या समाधानार्थ भएका प्रयासहरू |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | | | |
| ९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | भैरहवा विमानस्थललाई क्षेत्रीय विमानस्थलमा विकसित गर्ने | नखुलेको | नखुलेको | एशियाली विकास बैंकमा थप स्रोत व्यवस्थाका लागि पहल भैरहेको | उक्त विमानस्थलका लागि हाल प्राप्त रु. ३८.१५ मिलियन अमेरिकी डलर रकममा नेपाल नागरिक उड्डयन प्राधिकरणको आन्तरिक श्रोत बाट ११ मिलियन अमेरिकी डलर थप गरी जम्मा ४९ मिलियन अमेरिकी डलर लागतको प्रथम चरणको कार्य गर्ने गरी ठेकेदार पूर्वछनौटको कार्य गरी स्वीकृतिका लागि एशियाली विकास बैंकमा पठाइएकोमा कूल लागत अनुसारको ठेक्कापट्टा गर्न उपयुक्त हुने हुँदा कम रकमको पूर्व छनौटका कार्य रद्द गर्न लेखी आए अनुसार सो कार्य रद्द हुन गएको । | विमानस्थल निर्माण कार्यका लागि आवश्यक पर्ने थप श्रोत (४२ मिलियन अमेरिकी डलर) सुनिश्चित गर्ने सम्बन्धमा एशियाली विकास बैंकको मिशन तथा अर्थ मन्त्रालयसँग छलफल भइरहेको । |
| १० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | पोखरा विमानस्थललाई क्षेत्रीय विमानस्थलमा विकसित गर्ने | नखुलेको | नखुलेको | चिनियाँ सरकारसँग सहुलियतपूर्ण ऋण प्राप्त गर्नेतर्फ ठेकेदार छनौटको प्रकृया अघि बढाउन नेपाल सरकार (मं.प.) को मिति २०६९।११।०४ को निर्णय नेपाल नागरिक उड्डयन प्राधिकरणबाट कार्यान्वयन भैरहेको। | Drainage निर्माण गरिने जग्गाको लगत कट्टा गरी नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा आउन बाँकी रहेकोले सो कार्य शुरु हुन नसकेको । | सो जग्गा स्थानीय नापी कार्यालयबाट कित्ताकाट गराउनेतर्फ कारवाही अगाडि बढेको । |
| ११ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, बारा | नखुलेको | नखुलेको | परियोजना अगाडि बढाउने भन्ने विषयमा BOOT कमिटिको परामर्शका लागि प्रस्ताव पठाइएको । | | |
| १२ | उर्जा | बुढी गण्डकी जल विद्युत आयोजना | ९१.२ | ८५.४ | परामर्शदाताले ठेक्का सम्भौतानुसार कार्य शुरु गरेको । | आ.व. ०७०।७१ का लागि आयोजना सञ्चालनका लागि आवश्यक बजेट विनियोजन बुढीगण्डकी जलविद्युत आयोजना विकास समितिमा भएकोले आयोजनाको निरन्तरताका लागि यथाशीघ्र विकास समितिमा हस्तान्तरण हुनुपर्ने । | विकास समितिमा हस्तान्तरण गर्न कार्य भईरहेको । |

| क्र.सं. | मन्त्रालय | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति % | | यस अवधिमा हासिल भएको मुख्य-मुख्य उपलब्धिहरू | कार्यान्वयनमा देखिएका समस्याहरू | समस्या समाधानार्थ भएका प्रयासहरू |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | | | |
| १३ | उर्जा | पश्चिम सेती जलविद्युत आयोजना | नखुलेको | नखुलेको | प्राविधिक तथा आर्थिकरुपमा संभाव्य देखिएको | लगानीकर्ताले जग्गा प्राप्ति, प्रशारण लाईन र पुनर्वाससम्वन्धी समस्या औल्याएको | प्रारम्भिक नेगोशियसन भैरहेको |
| १४ | उर्जा | तामाकोशी जलविद्युत आयोजना | ८५ | ८२.६ | • आयोजनाको विभिन्न सुरुङहरुको कूल लम्बाई १६ कि.मि. रहेकोमा हालसम्म १०,८९१ मि. सम्पन्न भएको छ।<br>• आयोजनाको हाल सम्म ५१ प्रतिशत कार्य सम्पन्न भएको छ। | • भूमिगत विद्युतगृह र ट्रान्स्फर्मर क्याभर्नहरुको सिलिङ्गको केही क्षेत्रमा कमजोर चट्टानको कारण यस अघि नै लगाइसकिएको Shotcrete मा Cracks आएको तथा मुख्य सुरुङको चारवटा Work Front हरुमध्ये दुई वटा, HT3 र HT4, बीचको खण्ड छड्के रहेकोमा (८.३३% स्लोपमा) HT4 क्षेत्रमा कमजोर चट्टान आएको। | • भूमिगत विद्युतगृह र ट्रान्स्फर्मर क्याभर्नहरुको सिलिङ्ग Cracks हरुलाई Rectify गर्ने कार्य भइरहेको।<br>• SINTEF ले गरेको परिक्षणका आधारमा परामर्शदाताले मुख्य सुरुङको स्लोपको परिवर्तन गर्न आयोजनालाई सिफारिस गरेको। |
| १५ | सिंचाई | सिक्टा सिंचाई आयोजना | ५७.३४ | ५०.२० | • गेट बाहेक हेडवर्कस निर्माण कार्य सम्पन्न, गेट लगायत हाइड्रोमेकानिकल कार्य गराउनका लागि अन्तर्राष्ट्रिय स्तरको ठकेदारसंग ठेक्का सम्झौता भएको, शुरुको १५ कि.मि. लम्बाईको मूल नहर तथा नहर संरचना निर्माण कार्य सम्पन्न, १५ कि.मि. देखि ३५ कि.मि. खण्डको २० कि.मि. लम्बाइको मूल नहर तथा नहर संरचना निर्माण कार्य ७० प्रतिशत सम्पन्न भएको। | • आ.व.को शुरुमा प्रर्याप्त बजेट विनियोजन हुन नसकेको, नहर निर्माणको लागि आवश्यक जग्गा अधिग्रहण गर्न समस्या परेको, निर्माण सामग्री वोल्डरको अभावले प्रगतिमा बाधा पर्ने गरेको, पटक पटकको यातायात बन्द तथा स्थानीय समुदायहरुले बन्द आह्वान गर्ने गरेको। | • थप बजेटको लागि अर्थ मन्त्रालयमा छलफल गरी बजेट आवश्यकताबारे जानकारी गराइएको, जग्गा अधिग्रहणमा परेको समस्या समाधानार्थ प्रजिअ तथा मध्य पश्चिमाञ्चल क्षेत्रीय प्रशासकलाई पटक पटक अनुरोध गरिएको, आयोजनाका लागि आवश्यक पर्ने वोल्डर बाँके राष्ट्रिय निकुञ्जबाट निकाल्न पत्राचार गरिएको। |
| १६ | सिंचाई | रानीजमरा सिंचाइ आयोजना | १७.२० | १८ | • नेपाल सरकार तर्फ इन्टेक निर्माण करिब ८५ प्रतिशत सम्पन्न भइसकेको, मूल नहरको रुख कटान कार्य ७० प्रतिशत सम्पन्न भएको तथा नहर निर्माण कार्य १० प्रतिशत सम्पन्न भइसकेको, सिंचित क्षेत्र बचाउ तथा संरक्षण कार्य अन्तर्गत ९० प्रतिशत कार्य सम्पन्न भइसकेको, कार्यालय भवन तथा २ वटा क्वाटर निर्माण कार्य सम्पन्न भइसकेको,<br>• विश्व बैकतर्फ फिडर नहर, ग्राभेल रोड तथा प्रणाली सुदृढीकरणको ठेक्का भई | | |

| क्र.सं. | मन्त्रालय | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति % | | यस अवधिमा हासिल भएको मुख्य-मुख्य उपलब्धिहरू | कार्यान्वयनमा देखिएका समस्याहरू | समस्या समाधानार्थ भएका प्रयासहरू |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | | | |
| | | | | | नहर निर्माण कार्य करिव १० प्रतिशत सम्पन्न भइसकेको । सिंचित क्षेत्र बचाउ अन्तर्गत कर्णाली नदी नियन्त्रणका ४ विभिन्न ठाउहरुमा कार्य सञ्चालन भई ९० प्रतिशत कार्य सम्पन्न भइसकेको, पथरैया खोला अन्तर्गत ७ वटा प्याकेजको ठेक्का सम्झौता भइसकेको तथा कर्णाली मोहनाका लागि ५ वटा प्याकेज मूल्यांकन क्रममा रहेको । | | |
| १७ | सिंचाई | बबई सिंचाइ आयोजना | ९६.७३ | ९९.८६ | • बबई साइफन, पश्चिम मूल नहर, ढोढरी लिंक नहर, हेड रेगुलेटरहरु लगायत गाइड वन्ड निर्माण कार्य सम्पन्न, पूर्वतर्फ मूलनहर विस्तार तथा शाखा, प्रशाखा नहर निर्माण कार्य करिव ५० प्रतिशत सम्पन्न भएको । | | |

## ६. मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) बैठक वसेको विवरण

| क्र.स. | मन्त्रालयको नाम | मिति |
|---|---|---|
| १. | उद्योग मन्त्रालय | २०७०/०४/२८ |
| २. | सूचना तथा संचार मन्त्रालय | २०७०/०४/२८ |
| ३. | अर्थ मन्त्रालय | २०७०/०४/२९ |
| ४. | महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालय | २०७०/०४/३० |
| ५. | वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७०/०४/३१ |
| ६. | श्रम तथा रोजगार मन्त्रालय | २०७०/०४/३१ |
| ७. | शहरी विकास मन्त्रालय | २०७०/०४/३१ |
| ८. | शिक्षा मन्त्रालय | २०७०/०५/०२ |
| ९. | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | २०७०/०५/०२ |
| १०. | सहकारी तथा गरिवी निवारण मन्त्रालय | २०७०/०५/०४ |
| ११. | उर्जा मन्त्रालय | २०७०/०५/०४ |
| १२. | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | २०७०/०५/०४ |
| १३. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७०/०५/०७ |
| १४. | कृषि विकास मन्त्रालय | २०७०/०५/०७ |
| १५. | संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय | २०७०/०५/०७ |
| १६. | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | २०७०/०५/०९ |
| १७. | वन तथा भू-संरक्षण मन्त्रालय | २०७०/०५/०९ |
| १८. | युवा तथा खेलकूद मन्त्रालय | २०७०/०५/१० |
| १९. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०७०/०५/११ |
| २०. | गृह मन्त्रालय | २०७०/०५/११ |
| २१. | शान्ति तथा पुर्ननिर्माण मन्त्रालय | २०७०/०५/१३ |
| २२. | सिंचाइ मन्त्रालय | २०७०/०५/१६ |
| २३. | राष्ट्रिय योजना आयोगको सचिवालय | २०७०/०५/१६ |

## ७. आर्थिक बर्ष २०६९/०७० मा सञ्चालित पहिलो प्राथमिकता प्राप्त (P1) आयोजना/कार्यक्रमहरूको वार्षिक प्रगति स्थितिको सारांश तालिका

| क्र.सं. | मन्त्रालयको नाम | P1 आयोजना/ कार्यक्रमहरूको संख्या | प्रगति स्थिति | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रगति प्राप्त संख्या | ८० % वा सो भन्दा बढी | ५० % देखि ७९ % सम्म | ५० % भन्दा कम | प्रगति अप्राप्त संख्या | |
| १ | कृषि विकास | ३३ | ३३ | ३३ | - | - | - | |
| २ | सहकारी तथा गरिवी निवारण | ३ | ३ | १ | २ | - | - | |
| ३ | सिंचाइ | १९ | ६ | ४ | १ | १ | १३ | |
| ४ | वन तथा भू-संरक्षण | १३ | १३ | ११ | १ | १ | - | |
| ५ | भूमिसुधार तथा व्यवस्था | ७ | ७ | ७ | - | - | - | |
| ६ | भौतिक पूर्वाधार तथा यातायात | ४४ | ४४ | २५ | १८ | १ | - | |
| ७ | शहरी विकास | २१ | २१ | १७ | २ | - | - | २ प्रगति नखुलेको |
| ८ | सूचना तथा सञ्चार | ३ | ३ | १ | १ | १ | - | |
| ९ | शान्ति तथा पुनर्निर्माण | ६ | ६ | ४ | - | १ | - | १ प्रगति नखुलेको |
| १० | उद्योग | ६ | ६ | ५ | १ | - | - | |
| ११ | ऊर्जा | २२ | २० | ८ | ५ | ७ | २ | |
| १२ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ६ | ६ | ५ | - | - | - | |
| १३ | वाणिज्य तथा आपूर्ति | ४ | ४ | ३ | - | - | - | १ प्रगति नखुलेको |
| १४ | श्रम तथा रोजगार | ४ | ४ | ४ | - | - | - | |
| १५ | वातावरण, विज्ञान तथा प्रविधि | ११ | १० | ८ | १ | १ | १ | |
| १६ | अर्थ | ५ | ५ | ३ | २ | - | - | |
| १७ | शिक्षा | ६ | ५ | ५ | - | - | - | १ सम्पन्न भएको |
| १८ | स्वास्थ्य तथा जनसंख्या | १५ | १५ | १० | ४ | १ | | |
| १९ | महिला, वालवालिका तथा समाज कल्याण | ८ | ८ | ८ | - | - | - | |
| २० | संघीय मामीला तथा स्थानीय विकास | २८ | २६ | २१ | ४ | १ | ३ | |
| २१ | युवा तथा खेलकूद | २ | २ | २ | - | - | - | |
| २२ | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २ | २ | २ | - | - | - | |
| २३ | गृह | १ | १ | १ | - | - | - | |
| २४ | राष्ट्रिय योजना आयोगको सचिवालय | ३ | ३ | ३ | - | - | - | |
| २५ | संवैधानिक निकायहरू | ७ | ५ | ४ | — | १ | २ | |
| २६ | अर्थ (विविध) | ३ | - | - | - | - | ३ | |
| | **जम्मा** | **२८२** | **२५८** | **१९५** | **४२** | **१६** | **२४** | **५** |

## ८. विभिन्न मन्त्रालय र निकाय अन्तर्गत सञ्चालित पहिलो प्राथमिकता प्राप्त विकास कार्यक्रम/आयोजनाहरूको वार्षिक प्रगति स्थितिको विवरण

**पहिलो प्राथमिकता प्राप्त (P1) आयोजना/कार्यक्रमहरूको आ.व. ०६९/७० को वार्षिक प्रगति स्थिति, कार्यान्वयनमा देखिएका समस्याहरू र समाधानार्थ भएका प्रयासहरू**

मन्त्रालय/निकायको नाम :– **कृषि मन्त्रालय**

- पहिलो प्राथमिकता प्राप्त (P1) आयोजना/कार्यक्रमहरूको जम्मा सङ्ख्या :– **३३**
- सोमध्ये प्रगति विवरण प्राप्त आयोजना/कार्यक्रमहरूको सङ्ख्या :– **३३**
- ८० प्रतिशत वा सोभन्दा माथि प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरूको सङ्ख्या :– **३३**
- ५० प्रतिशतदेखि ७९.९९ प्रतिशतसम्म प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरूको सङ्ख्या :-
- ५० प्रतिशतभन्दा कम प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरूको सङ्ख्या :–
- यस अवधिमा वार्षिक लक्ष्य नभएका आयोजना/कार्यक्रमहरूको सख्या :–

| क.सं | बजेट उपशीर्षक नं. | आयोजना/कार्यक्रमको नाम | प्रगति स्थिति(%)मा | | यस अवधिसम्म हासिल भएको मुख्य-मुख्य उपलब्धिहरू | कार्यान्वयनमा देखिएका समस्याहरू | समस्या समाधानार्थ भएका प्रयासहरू | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
